# नेपाली राजदूतावास, अबुधाबी

Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np


*Ref.*

## राहदानी नवीकरण सम्बन्धी सूचना

यस नियोगमा राहदानी नवीकरणको लागि आउने सेवाग्राहीले राहदानी नवीकरण फाराममा आफ्नो विवरण ठिक भए नभएको राम्रोसँग रुजु नगरेको र सोही कारणबाट राहदानी नवीकरणमा ढिलाइ हुनुका साथै पुनः राहदानी बनाउनुपर्दा आवेदकलाई थप आर्थिक व्ययभार पर्ने अवस्थासमेत सिर्जना भएकोले देहायको विवरण राम्रोसँग रुजु गर्नुहुन अनुरोध गरिन्छः

१. नाम, जन्म मिति र जन्म स्थान
२. लिङ्ग (पुरुष/महिला)
३. राहदानी नम्बर, जारी भएको मिति र जारी भएको स्थान
४. नागरिकता नम्बर र जारी मिति
५. बाबु आमाको नाम थर
६. स्थायी ठेगाना (प्रदेश, जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं.)
७. जरुरी परेमा सम्पर्क गर्नेको विवरण

** राहदानी जारी भएको स्थानको लागि राहदानीमा लागेको छाप अथवा पछाडिको पृष्ठमा लेखिएको सङ्केत नं. हेरी रुजु गर्नुहोस्।*




** अनलाइन फाराम भर्दा आवश्यक पर्ने कागजातहरू (राहदानी र नागरिकताको प्रतिलिपिको अगाडि र पछाडिको पृष्ठको फोटो) स्पष्ट बुझिने गरी Upload गर्नुहोस्।*

✓ अनलाइन फारम भरेर प्रिन्ट गरिसकेपछि कुनै विवरण सच्याउनुपर्ने भएमा दूतावासमा Live Enrollment गर्न आउँदा (फोटो खिच्ने समयमा) सच्याउन सकिनेछ।

✓ राहदानी नवीकरण गर्न आउँदा फाराममा दिइएको मितिमा नै आउनुहुन समेत अनुरोध गरिन्छ।

नेपाली राजदूतावास, अबुधाबी।
२०८१।०१।२८ (तदनुसार १० मे २०२४)